# जलजला गाउँपालिकाको वार्षिक प्रगति विवरण

# आ.व २०७४/७५




**प्रस्तुतकर्ता**

प्रमुख प्रशासकीय अधिकृत : मुना अधिकारी

# परिचय

- जलजला गाउँपालिका, पर्वत
- वडा संख्या : ९
- क्षेत्रफल :८२.२६ वर्ग किलोमिटर
- जनसंख्या : २१४५४ (वि.सं २०६८ को जनगणना  अनुसार)

# आ. व २०७४/७५ को बजेटको अवस्था

## कूल आय

| श्रोत | वित्तिय समानीकरण अनुदान रु | सशर्त अनुदान रु | राजश्व बाँडफाँड रु | आन्तरिक आय रु | जम्मा |
|---|---|---|---|---|---|
| संघबाट | १४८४८५००० | १३१८६८००० | ० | ० | २८०३५३००० |
| संघ अन्तर्गत मन्त्रालयगत अख्तियारीबाट | ० | ५२२७७१०० | ० | ० | ५२२७७१०० |
| गत वर्षको मौज्दात | ० | ० | ० | ५५६३००० | ५५६३००० |
| जलजला गाउँपालिका | ० | ० | ० | २४६७५४६ | २४६७५४६ |
| जम्मा | १४८४८५००० | १८४१४५१०० | ० | ८०३०५४६ | ३४०६६०६४६ |

# आ. व २०७४/७५ को विनियोजन र खर्चको विवरण रु

| विषय | पूँजिगत | चालु | जम्मा |
|---|---|---|---|
| जम्मा विनियोजन रु | १३१५९०५४६ | २०९०७०१०० | ३४०६६०६४६ |
| जम्मा खर्च रु | ११७३४२४७७।०२ | २०४२३०७७१।३४ | ३२१५७३२४८।३६ |
| बजेट बाँकी रु | १४२४८०६८।९८ | ४८३९३२७ | १९०८७३९७।६४ |
| खर्च प्रतिशत | ८५.२८ | ९७.६ | ९४.३९ |

# पेश्की र बेरुजु

| | |
|---|---|
| आ.व. ०७४/७५ को अन्त्यमा बाँकी रहेको बेरुजु रकम | रु. १३३२६० |
| आ.व. ०७४/७५ को अन्त्यमा बाँकी रहेको पेश्की रकम | रु. ३८०५११।५० |

# विकासको अवस्था र प्रगति

| सूचक | आ.व २०७४।७५ प्रगति |
|---|---|
| नयाँ स्थानीय सडक | ११.५ कि. मि |
| नियमित आवधिक मर्मत | ३९.३ कि. मि |
| स्तरोन्नति | ३.४ कि.मि |
| सडक यातायातको कूल लम्बाई | १२५ कि.मि |
| गा.पा को केन्द्रबाट वडा कार्यालय सम्म सडक यातायात जोडिएका वडा | ९ (सबै) |
| विद्यालयको संख्या(सरकारी, सामुदायिक, निजी) | ५२ |
| स्वास्थ्य संख्या | ७ स्वास्थ्य चौकि, १ सामुदायिक स्वास्थ्य इकाइ |
| विद्युतको पहँच पुगेको जनसंख्या | १०० |

# पूर्वाधार सम्बन्धि योजना

- ५० लाख भन्दा माथिका २ वटा
- १० लाख देखि ५० लाख सम्मका २९ वटा
- ५ लाख सम्मका योजना १६८

**जम्मा योजना संख्या २१५**

- **उपभोक्ता समिति मार्फत कार्यान्वयन भएका योजना : २१५**

- सामाजिक सुरक्षा सम्बन्धी विवरण

| विवरण | आ.व. २०७४।७५ अन्त्य सम्म कायम लाभग्राहीको संख्या | कैफियत |
|---|---|---|
| ज्येष्ठ नागरिक | ११७९ | |
| ज्येष्ठ नागरिक दलित | ३२८ | |
| एकल महिला | १ | |
| विधवा | ५७४ | |
| पूर्ण अपाङ्गता भएका व्यक्ति | २२ | |
| आंशिक अपाङ्गता भएका व्यक्ति | १०५ | |
| लोपोन्मुख आदिवासी/जनजाती | ० | |
| दलित बालबालिका | ८४० | |
| **कुल जम्मा** | **३०४९** | |
| बैंकबाट भत्ता लिने | २०७९ | |

- **५. जलजला गाउँपालिकाबाट जारी भएका कानून (ऐन, नियम,निदेर्शिका, कार्यविधि, मापदण्ड)**
- **ऐन**
- आर्थिक ऐन,२०७४
- विनियोजन ऐन,२०७४
- आर्थिक ऐन,२०७५
- विनियोजन ऐन,२०७५
- सहकारी ऐन, २०७५
- **नियमावली**
- जलजला गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली,२०७४
- शिक्षा सम्बन्धि नियमावली, २०७४

# कार्यविधि

- जलजला गाउँपालिका गाउँसभा संचालन सम्बन्धि कार्यविधि,२०७४
- जलजला गाउँपालिकाको आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि,२०७४
- जलजला गाउँपालिकाको विपद् व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि,२०७४
- जलजला गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४
- जलजला गाउँपालिकाको न्यायिक समितिले उजुरीको कारबाही गर्दा अपनाउनु पर्ने कार्यविधि,२०७५
- जलजला गाउँपालिकाको घ बर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७५
- जलजला गाउँपालिकाको सम्पत्ति तथा भूमिकर व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि,२०७५
- जलजला गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५
- जलजला गाउँपालिकाको व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण, खारेजी, अनुगमन र नियमन कार्यविधि,२०७५
- जलजला गाउँपालिकाको एफ.एम. रेडियो - व्यवस्थापन तथा सञ्चालन) कार्यविधि,२०७५
- जलजला गाउँपालिकाको उपभोक्त समिति गठन, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७५
- जलजला गाउँपालिकाको करारमा कर्मचारी व्यवस्थापन व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७५

- गाउँपालिका र यस अन्तर्गका विषयगत शाखाहरुको जनशक्तिको अवस्था

| पद | स्विकृत दरबन्दी संख्या | पदपूर्ति संख्या | | | |
|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | करार | जम्मा |
| अधिकृतस्तर | ३ | २ | १ | १ | ४ |
| सहायकस्तर | ३२ | १७ | २ | १४ | ३३ |
| कूल जम्मा | ३५ | २१ | ३ | १६ | ४० |

# सेवा प्रवाहको लागि भौतिक सुविधाको अवस्था

## क) कार्यालय भवन

- गाउँपालिकाको भवन १ भाडामा रहेको
- वडा कार्यालयको भवन ३ वटाको भाडामा र ६ वटाको आफ्नै स्वामित्वमा रहेका

## ख) सवारी साधन

- मोटरसाइकल र स्कुटर : २८ वटा
- जीप : १ व्टा

## ग) गाउँपालिका अन्तर्गत गठित समितिहरु

**अनुगमन तथा स परिवेक्षण समिति,** वडा-स्तरीय अनुगमन समिति, स्थानीय राजस्व परामर्श समिति , स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, न्यायिक समिति, लेखा समिति, विधायन समिति, सुशासन समिति, विषयगत समिति

## अनलाईन प्रणलीबाट उपलब्ध गराइएका सेवाहरु

१) सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको MIS entry

२)जनप्रतिनिधि तथा कर्मचारीहरुलाई Email र मोवाइलमा text messege मार्फत सूचना प्रवाह

३)गाउँपालिकाको Website मार्फत सूचना प्रवाह

४) सम्पत्ती तथा भूमिकर Software मार्फत संकलन

५) कार्यालय र यस अन्तर्गतका शाखा तथा वडा कार्यालयमा Email मार्फत सूचना आदनप्रदान

## बैठक संख्या आ.व २०७४/७५

गाउँसभा : ४ गाउँकार्यपालिका : २९

राजश्व परामर्श समिति : २ स्रोत अनुमान तथा सीमा निर्धारण समिति :३

कर्मचारी बैठक संख्या : ९

## गाउँपालिकाको प्राथकिकताको योजना

- मोहनचोक फट्केढुङ्गा ग्रामिण सडक कालोपत्रे तथा ढलान

## जलजला गाउँपालिकाबाट सम्पादित अनुकरणीय कार्यहरु

- ग्रामिण सडकहरु करिब ७ मिटरको चौडाइको दरमा स्तरोन्नती
- विभिन्न स्थानहरुमा RCC, PCC प्रकृतिका करिब ६४० मिटर मोटरबाटो ढलान सम्पन्न
- एक घर एक धारा निर्माण
- प्राथामिक तहको शिक्षा अंग्रेजी माध्यमबाट सुरुवात
- व्यावसायिक फर्म दर्ता, घर नक्सा पास, प्रक्रियाको सुरुवात

# जलजला गाउँपालिकाबाट सम्पादित अनुकरणीय कार्यहरु

- वडास्तरमा शिविर संचालन गरी योजना सम्झौता, जेष्ठ नागरिक परिचयपत्र वितरण, व्यवसाययिक फर्म दर्ता, सम्पत्ती तथा भूमिकर संकलन गरिएको
- गाउँपालिकाका सबै वडाहरुमा इन्टरनेट पहुँच पुऱ्याइएको
- सम्पत्ती तथा भूमिकर software निर्माण गरी संकलन
- कृषकहरुलाई मिनि ट्याक्टर, प्लास्टिक टनेल, फलफुलका विरुवा, बीउवीजन वितरण
- पशु सुत्केरी पोषण भत्ता उपलब्ध गराइएको
- युवा सीप विकास कार्यक्रम अन्तर्गत ड्राइभिङ, सिलाई कटाई, युवा व्यवसायि कृषक लाई अनुदान
- जनप्रतिनिधि, कर्मचारी क्षमता अभिवृद्धि तालिम
- सबै वडाहरुमा सार्वजनिक सुनुवाइ

# गाउँपालिकाले अनुभूत गरेका प्रमुख समस्याहरु

- संविधानमा उल्लेखित संघ, प्रदेश र स्थानीय तह बीचको साझा अधिकार सम्बन्धमा संघ र प्रदेशको कानून तथा स्पष्ट मापदण्ड नहुनुले कार्यसम्पादनमा कठिनाई
- नागरिकका अपेक्षा अनुरुप बजेट प्राप्त नहुनु,
- आन्तरिक आय संकलन गर्न सकिने कतिपय क्षेत्रहरु प्रदेश तथा संघको समेत क्षेत्राधिकारमा पर्नु र जससम्बन्धमा स्पष्ट निर्देशन प्राप्त नहुनु ।
- प्रदेश अन्तर्गतका कतिपय योजनाहरुमा समन्वयको अभावका कारण दोहोरो पर्नु
- प्रदेशमार्फत गाउँपालिकाको प्राथमिक आवश्यकता भन्दा भिन्न प्रकृतिका साना बजेटका योजना प्रस्ताव आउँदा कार्यान्वयनमा समस्या हुनु
- गाउँपालिकाको बजेट पारित भईसकेपछि प्रदेश स्तरका साझेदारी योजना प्रस्ताव आउँदा बजेट व्यवस्थापन गर्न कठिनाई

# गाउँपालिकाले अनुभूत गरेका प्रमुख समस्याहरु

- गाउँपालिकाको कार्यप्रकृति अनुरुप स्विकृत दरबन्दी संख्या कम हुनु र दरबन्दी अनुरुपकै कर्मचारीको पनि अभाव हुनु
- जनशक्ति अभाव महशुस हुँदा तोकिएका केही प्राविधिक पद बाहेक अन्य आवश्यक कर्मचारी गाउँपालिकाले भर्ना गर्न नसकिनु
- काजमा खटाईएका कर्मचारीहरुको छिटो छिटो सरुवाका कारण कार्यसम्पादनमा कठिनाई
- संघ, प्रदेश र स्थानीय तहहरुका कार्यालयहरु बीच को कसको मातहत हो भन्ने विषय प्रधान मानी समन्वयमा तिक्तता महशुस भएको

## समस्या समाधानका लागि गरिएका प्रयासहरु

- सिमित बजेट र नागरिकका प्राथमिक आवश्यकता सम्बोधन गर्न बजेटको स सानो आकारमा नै भएपनि विनियोजन गरि सम्बोधन गर्ने प्रयास गरिएको
- दोहोरो परेका योजनाहरुको लागि भिन्न भिन्न कार्यहरुमा खर्च गर्ने गरी व्यवस्थापन गरिएको
- उपलब्ध जनशक्तिलाई नै थप जिम्मेवारी प्रदान गरी व्यवस्थापन गरिएको जसमा प्राविधिक कर्मचारीलाई पनि अप्राविधिक प्रकृतिको कार्य समेत लगाइएको
- कतिपय समस्याहरुको समाधान स्थानीय तहको काबुभित्र नभएका कारण समाधानका लागि सम्बन्धित निकायमा अनुरोध गरिएको ।

# संघ तथा प्रदेश सरकारबाट बाट गरिएका अपेक्षाहरु

- संघ, प्रदेश र गाउँपालिकाका योजना तथा कार्यक्रम बीच तादाम्यता कायम गरियोस
- साना बजेट आकारका कार्यक्रमहरु स्थानीय तहबाट नै कार्यान्वयन गरियोस , केन्द्र र प्रदेशले  स्थानीय तहले लगानी गर्न नसक्ने क्षेत्र र ठूला प्रकृतिका योजना तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गरियोस ।
- संविधानमा उल्लेखित संघ, प्रदेश र स्थानीय तह बीचको कतिपय साझा विषयका सम्बन्धमा संघ र प्रदेशको कानून तथा स्पष्ट मापदण्ड यथाशिघ्र निर्माण गरि कार्यसम्पादन सहज बनाइयोस ।
- कर्मचारी समायोजन यथाशिघ्र गरी आवश्यक मापदण्ड तयार गरी स्थानीय तहले कर्मचारी भर्ना गर्न पाउने वातावरण तयार गरियोस ।

## . जिल्ला समन्वय समितिबाट गरिएका अपेक्षाहरु

- स्थानीय तहको क्षमता अभिवृद्धिका कार्यक्रमहरु गरियोस ।
- स्थानीय तहहरु बीचका अनुभव आदनप्रदान गर्ने , मासिक,चौमासिक प्रगति समिक्षा तथा पृष्ठपोषण हुने प्रकृतिका कार्यक्रम गरिदिए हुने थियो ।
- स्थानीय तहमा देखिएका समस्या समाधानमा केन्द्र, प्रदेश तथा अन्तर स्थानीय तहहरुवीच समन्वयकारी भूमिका रहे हुने थियो ।











# धन्यवाद

# Thank You